# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी माग गरेको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७४/१२/०५)

देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा तपसिलका पद सेवा करार माध्यमबाट पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता भएका इच्छुक उम्मेद्वारहरुले मिति २०७४ चैत्र १९ गतेसम्म कार्यालय समयमा गाउँ कार्यपालिकाको कार्यालयमा रितपूर्वकको दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक पेश हुन नआएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।

| क.सं | विज्ञापन नं. | पदको नाम | माग संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | २-०७४/७५ | इन्जिनियर (सिभिल) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उतीर्ण गरेको । |
| २. | ३-०७४/७५ | सब इन्जिनियर (सिभिल) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग गरेको । |
| ३. | ४-०७४/७५ | कम्प्युटर अपरेटर | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र वा सो सरह उतीर्ण गरेको, बेसिक कम्प्युटर कोर्ष गरेको । |
| ४. | ५-०७४/७५ | अमिन | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट आधारभूत नापी तालिम प्राप्त गरेको । |
| ५. | ६-०७४/७५ | अनमी | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा अनमी उतीर्ण गरेको । |

१. सिभिल इन्जिनियर पदको लागि दरखास्त दिने अन्तिम मितिबाट २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको अन्य पदको सन्दर्भमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

२. सिभिल इन्जिनियर पदको लागि संलग्न हुनुपर्ने कागजातहरु- व्यक्तिगत विवरण, ना.प्र.प.को प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाल इन्जिनियरिङ्ग काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि तथा अन्य पदको सन्दर्भमा व्यक्तिगत विवरण, ना.प्र.प.को प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि

३. आवेदन शुल्क: सिभिल इन्जिनियरको लागि रु. १,०००/- (एक हजार) तथा अन्य पदको लागि रु. ५००/- (पाँच सय)

४. आवेदन दिने तरिका: रा.वा.बैंक इनरुवा शाखामा रहेको यस कार्यालयको खाता नं. २२२०३०४०१८१०८ आवेदन शुल्क जम्मा गरेको भौचरको सक्कलै प्रति वा कार्यालयमा जम्मा गरेको नगदी रसिद संलग्न राखी हुलाक मार्फत वा आफै कार्यालयमा उपस्थित भई दरखास्त पेश गर्नु पर्नेछ ।

५. छनौटका आधारहरु यस कार्यालयको Webpage WWW.dewanganjmun.gov.np मा र कार्यालयको सूचनापाटीमा टाँस राखिएको छ ।

६. सूचना सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

देवानगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी